# आठ कारोबार दिनयता २ हजार ६५० अंकको आसपासमा नेप्से

**अभियान संवाददाता**

काठमाडौं

शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार स्थिर देखिएको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से)का अनुसार शेयर बजार परिसूचक २ दशमलव ०१ अंक (शून्य दशमलव ०७ प्रतिशत)ले घटेर दुई हजार ६४१ दशमलव ८२ विन्दुमा झरेको छ ।

पछिल्ला आठ कारोबार दिनयता नेप्से परिसूचक २ हजार ६५० अंकको आसपासमा देखिन्छ । गत साउन २१ गते २ हजार ६५४ दशमलव १५ अंकमा बन्द भएको बजार भोलिपल्ट २ हजार ६५० दशमलव ०९ अंकमा झरेको थियो ।

सोमवार नेप्से परिसूचक स्थिर रहे पनि कारोबार रकम भने बढेको छ । अघिल्लो कारोबार दिन ४ अर्ब २७ करोड रुपैयाँभन्दा बढीको कारोबार भएकोमा यसदिन ५ अर्ब ५२ करोड रुपैयाँभन्दा बढीको कारोबार भएको छ ।

सोमवार शेयर मूल्य सर्वाधिक (प्रतिशतका आधारमा) बढ्नेमा सर्वोत्तम पेन्ट्स ईण्डष्ट्रिज छ । उक्त कम्पनीको शेयर मूल्य १५ प्रतिशत बढेको छ । यो सूचीको दोस्रोमा माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट कम्पनी छ । उक्त कम्पनीको शेयर मूल्य १४ दशमलव ९९ प्रतिशतले वृद्धि भएको छ । सोमवार शेयर मूल्य सर्वाधिक (प्रतिशतका आधारमा) घट्नेमा फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड छ । उक्त कम्पनीको शेयर मूल्य ६ दशमलव ६३ प्रतिशतले घटेको छ ।

सोमवारको कुल कारोबारमा सर्वाधिक हिस्सा रिलायन्स स्पिनिङ्ग मिल्सको छ । उक्त कम्पनीको १ अर्ब ३८ करोड ६३ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको छ । सोमवार कारोबार भएका १३ उपसमूहमध्ये ५ समूहको परिसूचक बढेको छ भने आठ समूहको परिसूचक घटेको छ । तीमध्ये उत्पादन तथा प्रशोधन समूहको परिसूचक सर्वाधिक १ दशमलव ३० प्रतिशत बढेको छ । सोमवार सर्वाधिक घट्ने समूहगत परिसूचकमा वित्त समूह छ। उक्त समूहको परिसूचक १ दशमलव १४ प्रतिशतले घटेको छ ।

**बजार पूँजीकरण घट्यो**

सोमवार बजार पूँजीकरण रू. ३ अर्ब ४५ करोडले घट्दै रू. ४५ खर्ब ४४ अर्ब २९ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४५ खर्ब ४७ अर्ब ७५ करोड थियो ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ४० दशमलव ४७ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. २ अर्ब २३ करोड बराबरको धितोपत्र किनबेच भएको छ । यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा उत्पादन तथा प्रशोधन समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ६२ करोड बराबरको धितोपत्र किनबेच भएको छ ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. ६० करोड २५ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ३१ करोड ९० लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. २८ करोड ३५ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ७७ रहेको छ। जसबाट सोमवारको बजारमा रू. ५६ करोड २७ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र | | | घटेका धितोपत्र | | |
|---|---|---|---|---|---|
| धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
| सर्वोत्तम पेन्ट्स ईण्डष्ट्रिज लिमिटेड | ४५६.२० | १५ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७७५ | -६.६३ |
| माउन्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | ५२४.६० | १४.९९ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १,१९५ | -६.५७ |
| रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | २,८४१.६० | ११.१७ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३३१ | -६.०५ |
| सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ४८० | ११.०६ | सेन्ट्रल फाइनान्स लिमिटेड | ६१० | -४.५४ |
| लक्ष्मी उन्नति कोष | १०.६० | ८.१६ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ८३४.१० | -४.१३ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | २२३.५७ | ४०.४७ |
| २ | उत्पादन तथा प्रशोधन | १६२.६० | २९.४३ |
| ३ | बैंकिङ्ग | ६५.८६ | ११.९२ |
| ४ | विकास बैंक | २०.३६ | ३.६९ |
| ५ | वित्त | १९.१२ | ३.४६ |
| ६ | लघुवित्त | १८.४७ | ३.३४ |
| ७ | जीवन बीमा | १०.०७ | १.८२ |
| ८ | लगानी | ९.५१ | १.७२ |
| ९ | अन्य | ७.९० | १.४३ |
| १० | होटल तथा पर्यटन | ६.१८ | १.१२ |
| ११ | निर्जीवन बीमा | ४.५७ | ०.८३ |
| १२ | म्युचुअल फण्ड | २.०१ | ०.३६ |
| १३ | संस्थापक शेयर | १.५४ | ०.२८ |
| १४ | व्यापार | ०.५१ | ०.०९ |
| १५ | ऋणपत्र | ०.१७ | ०.०३ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य (रू.) |
|---|---|---|
| रिलायन्स स्पिनिङ्ग मिल्स लिमिटेड | १३८.६३ | २,८४१.६० |
| सोलु हाइड्रोपावर लिमिटेड | ३८.४४ | ७०९ |
| रिडी पावर कम्पनी लिमिटेड | १६.४१ | ३६१.६० |
| खानीखोला हाइड्रोपावर कम्पनी लि. | १५.४१ | ३३१ |
| विकाश हाइड्रोपावर कम्पनी लिमिटेड | १२.१६ | ५५४ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | २८.३५ | ३१.९० | ६०.२५ |
| ७७ | ४२.७० | १३.५६ | ५६.२७ |
| ३४ | १२.३० | ४३.०६ | ५५.३७ |
| ४९ | १६.३३ | २५.६३ | ४१.९६ |
| ३८ | १२.०१ | २६.६५ | ३८.६७ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (% मा) |
|---|---|---|---|
| १ | उत्पादन तथा प्रशोधन | १०,४७७.७९ | १.३० |
| २ | अन्य | १,९३८.९५ | ०.४७ |
| ३ | जलविद्युत् | ३,७४४.९७ | ०.४६ |
| ४ | म्युचुअल फण्ड | २१.०२ | ०.२९ |
| ५ | व्यापार | ३,२४४.४१ | ०.१४ |
| ६ | विकास बैंक | ५,५६७.०७ | -०.२९ |
| ७ | होटल तथा पर्यटन | ७,३१६.२२ | -०.३० |
| ८ | जीवन बीमा | ११,७६१.०१ | -०.३६ |
| ९ | बैंकिङ्ग | १,४५१.६८ | -०.५० |
| १० | लगानी | ९६.७४ | -०.५९ |
| ११ | निर्जीवन बीमा | १०,५२०.१९ | -०.६१ |
| १२ | लघुवित्त | ४,५४६.०८ | -०.६६ |
| १३ | वित्त | २,३४७.५८ | -१.१४ |

**विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८३ भदौ ०१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,०४८.९० | १,३२० | ९४९ |
| २ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | १,०४० | ३,१८३ | ९६५ |
| ३ | सालपा विकास बैंक लिमिटेड | ९२४.९ | २,००० | ३०० |
| ४ | नारायणी डेभलपमेन्ट बैंक लि. | ८०७.१ | १,८३५ | ६६२ |
| ५ | सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ७८२ | १,०६५.७० | ६८६ |
| ६ | सिन्धु विकास बैंक लिमिटेड | ६८० | ९१९.९ | ६०८ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५८२ | ६८३.४ | ५४५ |
| ८ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ५७२ | ७०५.८ | ५३०.५ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४८२.९ | ५८० | ४३३ |
| १० | कामना सेवा विकास बैंक लि. | ४७६ | ५५५.३ | ४०४.१ |
| ११ | गरिमा विकास बैंक लिमिटेड | ४२३ | ४४९.४ | ३६७.४ |
| १२ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४१४ | ४४९.७ | ३८२ |
| १३ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४१०.९ | ४६३ | ३७६ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६३ | ४७७ | ३४०.१ |
| १५ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३४९.७ | ४१८ | ३३०.७ |
| १६ | ज्योति विकास बैंक लिमिटेड | ३३७ | ३९५ | २९५ |

**निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८३ भदौ ०१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४,१०० | १६,२६१ | १४,००० |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ८९० | १,५२५ | ८६० |
| ३ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ६८५.१ | ८४४.१ | ६२५ |
| ४ | प्रभु इन्स्योरेन्स लिमिटेड | ६५८.१ | ७९६ | ६३० |
| ५ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ६१०.४ | ७५७ | ५८८.८ |
| ६ | नेको इन्सुरेन्स लिमिटेड | ६०६ | ७२५ | ५६२ |
| ७ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ५८८ | ७१२ | ५७० |
| ८ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ५६३.९ | ८६७ | ५४६ |
| ९ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | ५२९.६ | ६१० | ४५८ |
| १० | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ४९६ | ६२०.२ | ४७५ |
| ११ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | ४५२ | ५७९.९ | ४३० |
| १२ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ४३० | ५४३.९ | ३९२ |
| १३ | यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड | ४२८ | ५५० | ४२१ |

**'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८३ भदौ ०१)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | झापा इनर्जी लिमिटेड | १,०८० | १,९२९ | २९३.४ |
| २ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १,०१६ | १,६७१ | ९९१ |
| ३ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ९१२ | १,८४२ | ८६५ |
| ४ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८९५ | ९४२.५ | ७६२.५ |
| ५ | पियोर इनर्जी लिमिटेड | ८२७.५ | १,२६२ | ७०६.२ |
| ६ | ट्रेड टावर लिमिटेड | ७१० | १,१७३ | ६७० |
| ७ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ६८७ | १,०४५ | ६८० |
| ८ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ५८५ | १,०७४.८० | ५४५ |
| ९ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ३०४ | ५९० | २९५.१ |

**एशियाली शेयर बजारका सूचक (अपडेट : २०२६ अगस्ट १७)**

| स्टक एक्सचेन्ज | सूचकको नाम | इन्डेक्स | फरक प्रतिशत |
|---|---|---|---|
| बम्बई स्टक एक्सचेन्ज | बीएसई सेन्सेक्स | ७७,७२८.१६ | -०.३६% |
| नेशनल स्टक एक्सचेन्ज | निफ्टी ५० | २४,२८७.६५ | -०.३२% |
| जापान एक्सचेन्ज ग्रुप | निक्केइ २२५ | ६९,२२०.२५ | ०.७४% |
| हङकङ स्टक एक्सचेन्ज | हाङ्सङ् | २५,४५३.२३ | १.३४% |
| साङ्हाई स्टक एक्सचेन्ज | साङ्हाई एसई कम्पोजिट इन्डेक्स | ३,९८२.६५ | १.४१% |


## हार्दिक श्रद्धाञ्जली



जन्मः २०१९/०४/१० गते

स्वर्गारोहणः २०८३/०४/२१ गते

**स्व. केशव खत्री**

यस गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडको शाखा कार्यालय भिमफेदी मकवानपुरमा कार्यरत शाखा प्रबन्धक श्री सुदर्शन के.सी.को पुजनिय पिता **केशव खत्री**को मिति २०८३ साल श्रावण २१ गते भएको असामयिक निधनको आज १३ औं दिनको पुण्यतिथिमा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।

साथै यस दुःखद् घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बिष्णु प्रसाद ढकाल**
**प्रमुख कार्यकारी अधिकृत**
**एवं**

**गणपति लघुवित्त वित्तीय संस्था लि.**
**Ganapati Laghubitta Bittiya Sanstha Ltd.**
केन्द्रीय कार्यालय शुक्लागण्डकी-०४, दुलेगौंडा, तनहुँ


# क्रेस्ट माइक्रो लाइफको खुद नाफा २५ लाख २६ हजार रुपैयाँ

काठमाडौं (अस) । गत आर्थिक वर्षको चौथो त्रैमाससम्म क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सले २५ लाख २६ हजार रुपैयाँ खुद नाफा गरेको छ । अघिल्लो वर्ष सो अवधिसम्म २ करोड ४६ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको कम्पनीले गत वर्ष भने कम खुद नाफा गरेको हो ।

अघिल्लो वर्ष ३८ करोड ९१ लाख रुपैयाँभन्दा बढी कुल आम्दानी गरेको कम्पनीले गत वर्ष भने ४६ करोड ७५ लाख रुपैयाँभन्दा बढी कुल आम्दानी गरेको हो । अघिल्लो वर्ष ३८ करोड ८७ लाख रुपैयाँभन्दा बढी कुल खर्च गरेको कम्पनीले गत वर्ष भने ४९ करोड ८० लाख रुपैयाँभन्दा बढी खर्च गरेको हो ।

गत चौथो त्रैमाससम्म कम्पनीले ४३ करोड ४० लाख रुपैयाँभन्दा बढी खुद बीमाशुल्क आर्जन गरेको छ भने २८ करोड ९५ लाख रुपैयाँभन्दा बढी कुल दाबी भुक्तानी गरेको छ ।

हाल कम्पनीको चुक्तापूँजी ७५ करोड रुपैयाँ छ भने रिटेन्ड अर्निङ २ करोड ७१ लाख रुपैयाँभन्दा बढी ऋणात्मक छ । महाविपत्ति कोषमा १० लाख ४१ हजार रुपैयाँ रहेकोमा अन्य इक्विटीमा ६ करोड ४३ लाख रुपैयाँभन्दा बढी छ ।

कम्पनीको वार्षिक प्रतिशेयर आम्दानी ३४ पैसा र प्रतिशेयर नेटवर्थ भने १०५ रुपैयाँ ९ पैसा छ ।

# माछापुच्छ्रे क्यापिटलले लाभांश प्रस्ताव गर्दै बोलायो साधारणसभा

काठमाडौं (अस) । माछापुच्छ्रे क्यापिटल लिमिटेडले भदौ २४ गते वार्षिक साधारणसभा बोलाएको छ । साउन २१ गते बसेको क्यापिटलको सञ्चालक समितिको बैठकले काठमाडौंको गैह्रीधारास्थित बालुवाटार प्यालेस ब्याङ्क्वेटमा अपराह्न १२:३० बजे सभा गर्ने निर्णय गरेको हो ।

सभाले गत आर्थिक वर्ष २०८२/८३ को लागि ७ प्रतिशत करसमेत नगद लाभांश प्रस्ताव पारित गर्नेछ । साथै गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरण पारित गर्दै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय सभाले टुंग्याउनेछ ।


**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, कलैया शाखाको २१ दिने सार्वजनिक सूचना ।।**

(प्रकाशित मिति : २०८३/०५/०२ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८३ साल जेष्ठ महिना ०७ गतेको "आर्थिक अभियान" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा दर्ता नं. १९७८२६/०७५/०७६ कायम भई मिती २०७५/०५/१९ मा दर्ता भएको बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. ३ स्थित **चण्डीमाई कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** ।

**व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :**

राम लखन साको नाती, राघव प्रसाद कानुको छोरा, बारा जिल्ला, उ.झिटकैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **रण बहादुर प्रसाद गुप्ता** ।

अमृत लाल सा कानुको छोरी, रण बहादुर प्रसाद गुप्ताको श्रीमती, बारा जिल्ला, उ.झिटकैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **लालसा कुमारी** ।

रघुवर सा कानुको छोरी, राघव प्रसाद कानुको श्रीमती, बारा जिल्ला, उ.झिटकैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **सरस्वती देवी कानु** ।

राम लखन साको नाती, राघव प्रसाद कानुको छोरा, बारा जिल्ला, उ.झिटकैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **विरबहादुर गुप्ता** ।

शिवन सा कानुको नाति, राम लखन साको छोरा, बारा जिल्ला, उ.झिटकैया गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **राघव प्रसाद कानु** ।

**धितो सुरक्षणको विवरण :**

**१. सरस्वती देवी कानु**को नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, उत्तर झिटकैया गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४क) को कित्ता नं. ७३३ को ०-५-१४-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**२. सरस्वती देवी कानु**को नाममा मालपोत कार्यालय कलैया, बारामा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला, उत्तर झिटकैया गा.वि.स./न.पा. वडा नं. ४ (नक्सा सिट नं. ४) को कित्ता नं. ६५३ र ३१८ को ०-१-१५-१०१/२ र ०-४-१०-० (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. इच्छुक बोलपत्रदाताले सूचनामा उल्लिखीत चल/अचल सम्पत्ति मध्ये आफ्नो इच्छा अनुसार कुनै एक वा केही वा सबै सम्पत्तिको लागि बोलपत्र पेश गर्न सक्नु हुनेछ ।
३. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
५. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा कलैया शाखामा सम्पर्क गर्न सकिने छ ।
७. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
८. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
९. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै ब्याज रकम प्रदान गरिने छैन)
११. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८३ साल भाद्र महिना २२ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
१२. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल भाद्र महिना २४ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

**सानिमा बैंक** www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com